का. जि. का. दर्ता नं : १०४ / ०५७ / ०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८ / ०६७ / ०६८

# अपाङ्ग आवाज
## DISABILITY VOICE

वर्ष १८, अङ्क ०८ पूर्णाङ्क २१६, २०७६ मंसिर

सल्लाहकार
तारा वदन सेडाई
प्रकाश पन्थ

सम्पादक
शर्मिला विश्वकर्मा

संयोजक
जगदीश प्रसाद अधिकारी

व्यवस्थापक
चन्दा श्रेष्ठ

लेखा प्रमुख
सुनिल वि. क.

कानूनी सल्लाहकार
शशी श्रेष्ठ

प्रमुख संवाददाता
गणेश सुवेदी

स्थानीय प्रतिनिधि
विकास धिताल
राजु रेग्मी
दल बहादुर सुनार
मदन बोहरा
विष्णु कुमारी श्रेष्ठ

लेआउट/डिजाइन/बजार प्रतिनिधि
तारानिधि प्याकुरेल

कभर डिजाइन
Creative
Kamaladi, Kathmandu PH: 9851115202

मुद्रक
सिण्ड्रेला प्रिन्टर्स प्रा. लि.
काठमाण्डौं

प्रकाशक
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रीय कार्यलय
नयाँ बस्ती, गगननगर चोक, काठमाण्डौं,
पो. ब. नं: १९४०८
फोन: ०१ ४९११०९२ ४९११०६९
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

## यसभित्र

अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवस र अपाङ्गता भएका व्यक्तिहरूका सवाल ६

महिला नेतृत्व अपाङ्गता समावेशी परियोजनाले जीवन जिउन सहयोग गरेको छ ११

अटिजम केयर नेपाल सोसाइटीको १२ औं साधारण सभा तथा छैठौं अधिवेशन सम्पन्न २१

अपाङ्गता दिवसका अवसरमा गोकर्णेश्वर नगरपालिका द्वारा सहायक सामाग्री वितरण ३३

झापामा पनि मनाइयो अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस ३९

## राज्यले उपलब्ध गराएका सेवा सुविधाको बारेमा पनि जानकारी प्रस्तुत गरियोस्

आदरणीय सम्पादक ज्यू, नमस्कार । म अपाङ्ग आवाज पत्रिकाको नियमित पाठक तथा शुभचिन्तक पनि भएकाले सकेसम्म यो पत्रिका पढ्न छुटाउँदिन । यो पत्रिकामा समावेश गरिएका सबै सामाग्रीहरू ज्यादै उपयोगी रहेका छन् । यो हामी सबै अपाङ्गता भएका व्यक्तिहरूको आवाज समावेश गरिने यस पत्रिकामा अबका दिनमा अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यले प्रदान गरेका सेवा सुविधाका बारेमा जानकारीहरू प्रस्तुत गर्नु हुनका लागि अनुरोध गर्दछु । तर केही समय यता यस अपाङ्ग आवाज मासिक पत्रिका समयमा नै उपलब्ध हुन सकेको छैन । अबका दिनमा यो पत्रिकालाई जति सक्दो छिटो हामीहरूलाई उपलब्ध गराइदिनु हुनका लागि अनुरोध गर्दछु । साथै अबका दिनमा देश भरी रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई यस पत्रिकाले समावेश गर्न सकोस् भन्ने शुभकामना पनि दिन चाहन्छु । केही समय यता यस अपाङ्ग आवाज मासिक पत्रिकामा अपाङ्गता भएका व्यक्तिहरूका सफलता तथा संघर्षका सामाग्रीहरू समावेश भएको पाइएको छैन यो विषयमा पनि अपाङ्ग आवाज मासिक पत्रिकाको परिवारको ध्यान केन्द्रित होस् भन्न चाहन्छु ।

*समिर गौतम, कास्की*

## अपाङ्ग आवाज पत्रिका सबै ठाउँमा पुगोस्

अपाङ्ग आवाज परिवारमा मेरो नमस्कार । म यो अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित पाठक हुँ । मलाई यो पत्रिका निकै नै मन पर्दछ । यस अपाङ्ग आवाज मासिक पत्रिकाले समाजमा अपाङ्गता भएका व्यक्तिहरू प्रतिको नकारात्मक सोचमा सकारात्मक परिवर्तन ल्याउन ठूलो सहयोग गरेको छ । यो पत्रिका अपाङ्गता मात्र नभएर साङ्ग व्यक्तिहरू तथा विभिन्न सरकारी निकायहरूमा पनि पुऱ्याउन जरुरी छ । यो पत्रिकामा समावेश गरिएका सामाग्रीहरु त सबै जानकारी मुलक नै रहेका छन् तर पनि अपाङ्गता भएर पनि विभिन्न समस्या तथा चुनौतीका बाबजुत सफलता प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरुको जीन संघर्षहरु पनि यस पत्रिकामा समावेश गर्ने हो भने समाजमा अझै अपाङ्गता भएका व्यक्तिहरु प्रतिको सोचमा परिर्वतन आउने थियो जस्तो लाग्छ । त्यसैले अबका दिनमा यस विषयमा पनि विचार गरियोस् भन्न चाहन्छु । साथै आगामी दिनहरुमा यो पत्रिकाले निरन्तरता पाइ रहोस् र देशका सबै स्थानहरुमा यस पत्रिका पुगोस् भन्दै यस पत्रिकाको सफलताको शुभकामना पनि व्यक्त गर्दछु ।

*माया कार्की, इलाम*

## अपाङ्गता भएका महिलाहरुका सवालहरु समावेश गरियोस्

अपाङ्ग आवाज परिवारमा मेरो तर्फबाट नमस्कार तथा अभिवादन । अपाङ्ग आवाज मासिक पत्रिका हामी सबै अपाङ्गता भएका व्यक्तिहरूको मन मुटुमा बस्न सफल भएको छ । यस पत्रिकामा अहिले सम्म समावेश गरो सामाग्रीहरू त सबै लाभदायक नै छन् । तर पनि पछिल्लो समयमा यस पत्रिकामा अपाङ्गता भएका बालबालिकाहरू, उनीहरूका चित्र तथा प्रतिभाहरूले स्थान पाएको देखिँदैन । त्यसै गरी अपाङ्गता भएका महिलाहरूका विभिन्न सवालहरूलाई पनि यस पत्रिकामा समावेश गर्न पाएमा अझ यस पत्रिका समावेशी हुने थियो जस्तो लाग्छ । मिल्छ भने अबका दिनमा यस अपाङ्ग आवाज मासिक पत्रिकामा सबै प्रकारका अपाङ्गता भएका महिलाहरूका सवालहरूलाई समावेश गरी दिनु हुनका लागि अनुरोध गर्दछु । यसका साथै यस पत्रिकामा नेपाल सरकारले ल्याएको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ मा समावेश गरेका व्यवस्थाहरूको विषयमा पनि जानकारी दिनु भएमा अझ राम्रो हुने थियो । यस पत्रिकाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

*शर्मिला मगर, तनहुँ*

प्रधानमन्त्री

काठमाडौं, नेपाल

## शुभकामना

अपाङ्गता भएका व्यक्तिहरुको २८औं अन्तर्राष्ट्रिय दिवस बिभिन्न कार्यक्रमका साथ भव्य रुपमा आज संसारभर मनाईंदैछ। **'दीगो विकासको लक्ष्य, अपाङ्गता मैत्री भविष्य'** भन्ने मुल नाराका साथ अपाङ्गता भएका व्यक्तिहरुका अधिकार प्रति सम्मान र आम जनचेतना जगाउने उद्देश्य अनुरुप हरेक वर्षझैं नेपालमा पनि मंसिर १७ गते (डिसेम्वर ३ तारिख) का दिन विविध कार्यक्रमका साथ मनाईंदैछ। यस दिवसको अवसरमा अपाङ्गता भएका दिदीबहिनी, दाजुभाइ, अभिभावक, यस क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी संस्था र सरोकावालाहरुप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन अवरोधरहित वातावरणमा सबैले शिक्षा, स्वास्थ्य, रोजगारमा सहज पहुँच पाउनु पर्दछ भन्ने मान्यताका आधारमा सरकारले सोही अनुरुपको लक्ष्य निर्धारण गरेको छ। अपाङ्गताका कारण अवसरमा पहुँच नपाएका वर्ग समुदायप्रति सरकारको विशेष ध्यान रहेको कुरा म यस अवसरमा जानकारी गराउँछु। अपाङ्गता समग्र शीप, कार्यक्षमता र योग्यताको अभाव होइन। व्यक्तिका क्षमतामा शारीरिक र मानसिक गरी दुई आयाम हुन्छन्। ती क्षमताहरुको पहिचान र विशिष्टिकरण गरि व्यक्तित्व विकासको अवसर प्रदान गरिनु पर्छ भन्ने सरकारको मान्यता छ। अपाङ्गता भएका व्यक्तिको अवसरको पहिलो शर्त राज्यका सबै क्षेत्रमा पहुँच नै हो। त्यसैले अपाङ्गता भएका व्यक्तिले सम्मानपूर्वक स्वाबलम्बी जीवनयापन गर्ने वातावरण निर्माण गर्ने प्रयासमा हामी छौं। अपाङ्गता भएका व्यक्तिलाई आधारभूत मानव अधिकारको अनुभूतिका लागि भौतिक, दृष्टिकोणजन्य, कानूनी र सञ्चार अवरोधरहित ढंगले जीवनयापनको अधिकार सरकारले सुनिश्चित गर्नेछ।

नेपालको संबिधानले अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक अधिकारलाई सम्मानजनक ढंगवाट सम्वोधन गरेको छ। नयाँ बनेका तथा संशोधन भएका कानूनहरु अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिको भावना अनुरुप बनाउने प्रयास गरिएको छ।

हामीले दीगो विकासका लक्ष्यहरु पूरा गर्न अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र बालबालिकाको सुनिश्चित जीवन यापनको वतावरण निर्माण गर्नु पर्ने छ। र, हामी त्यहि दिशामा अग्रसर छौं। अपाङ्गता भएका व्यक्तिहरुका लागि अवरोधमुक्त वातावरण उपलब्ध गराउन पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९, जारी भइ कार्यान्वयनमा समेत आएको छ। अपाङ्गता भएका

**शुभकामना सन्देश**

प्रधानमन्त्री

काठमाडौं, नेपाल

व्यक्तिहरुलाई अवरोधमुक्त वातावरण निर्माण गर्न यस निर्देशिकाको पूर्ण कार्यान्वयनमा सहयोग पुऱ्याउनु पर्छ। यस दिवसको अवसरमा मात्र होइन, हामी सबैले सधैं यस विषयमा कर्तव्यशील बन्नु पर्दछ।

आजको यस दिवसले अपाङ्गताको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरुलाई एकीकृत रुपमा प्रभावकारी कार्यक्रम लिई अघि बढ्न प्रेरित गर्न सकुन् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

केपी शर्मा ओली

१७ मंसिर, २०७६

(३ डिसेम्बर, २०१९

सम्पादकीय

# अन्तर्राष्ट्रिय मानव अधिकार दिवस र अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार

"दिगो विकासको आधार, सबैका लागि मानव अधिकार" भन्ने राष्ट्रिय नाराका साथ यही डिसेम्बर १० तारिख अर्थात् मंसिर २४ गतेका दिन विभिन्न कार्यक्रमहरूको आयोजना गरी ७१ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइयो। देशभरि नै मनाइएको ७१ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका विभिन्न कार्यक्रमहरूमा विभिन्न समुदाय, वर्गका साथै विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पनि सहभागीता रहेको थियो । यसरी हामीले अन्तर्राष्ट्रिय रूपमा नै मानव अधिकार दिवस मनाइ रहँदा अधिकांश अपाङ्गता भएका व्यक्तिहरूले अझै पनि विभिन्न अवरोधको कारण मानव अधिकारको अनुभूति गर्न नपाएको अवस्था छ । यस विषयमा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरू र मानव अधिकारकर्मीहरूले केही कामको सुरुवात गरेको भए पनि अधिकांश अपाङ्गता भएका व्यक्तिहरूले पूर्ण रूपमा मानव अधिकारको प्रत्याभूति गर्न पाएको पाइँदैन।

राष्ट्रिय मानव अधिकार आयोग लगायतका मानव अधिकारको क्षेत्रमा काम गर्ने १७१ वटा संस्थाहरूको आयोजनामा काठमाण्डौंमा विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको थियो । जसमा विभिन्न वर्ग तथा समुदायहरूले सबै नागरिकहरूको हक हित र अधिकार सुनिश्चित गराउनु पर्ने, मानव भएर बाँच्न पाउनु पर्ने, समाजमा रहेका सबै वर्ग तथा समुदायहरूका सवालहरूलाई समावेश गर्नु पर्ने मागहरू प्रस्तुत गरेका थिए । विगतको तुलनामा यो पछिल्लो समयमा अपाङ्गता भएका व्यक्तिहरू प्रति केही सकारात्मक परिवर्तन आएको पाइएता पनि सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरू समावेश हुन सकेका छैनन् । किनकी सबै निकायहरूमा अपाङ्गता अनुकूलको वातावरण निर्माण हुन सकेको छैन भने अझै पनि अपाङ्गता भएका व्यक्तिहरूलाई कमजोरीको रूपमा हेर्ने दृष्टिकोणमा पूर्ण रूपमा सकारात्मक परिवर्तन आउन सकेको पाइँदैन। मानव अधिकारको कुरा गरिरहँदा अन्य नागरिकहरूको तुलनामा अझै पनि सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले पूर्ण रूपमा मानव अधिकारको उपयोग गर्न पाएको पाइँदैन।

मानव अधिकार सुनिश्चितताका लागि केही कामहरू भए पनि पूर्ण तथा अति असक्त अपाङ्गता भएका व्यक्तिहरूले मानव अधिकारको प्रत्याभूत गर्न नपाएको अवस्था छ। अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सुनिश्चित गर्नका लागि बनेका नीति नियमहरूलाई पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा पनि मानव अधिकरको अनुभूति गर्न नपाएको अवस्था छ। त्यसैले अबका दिनमा यो अन्तर्राष्ट्रिय मानव अधिकार दिवस दिवसमा मात्र सीमित नरहेर यसले अन्य नागरिकहरू जस्तै अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई पनि पूर्ण रूपमा समावेश गर्ने गरी विभिन्न कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूका सवालहरू समावेश गरी यस दिवसलाई सार्थकता बनाउन आवश्यक देखिन्छ।

# अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवस र अपाङ्गता भएका व्यक्तिहरूका सवाल

हरेक वर्षको डिसेम्बर ३ तारिकमा विश्व भरी नै विभिन्न कार्यक्रमहरुको आयोजना गरेर अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ । यस वर्ष डिसेम्बर ३ तारिकका दिन अर्थात यही मंसिर १७ गते राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहकार्यमा देश भरी नै विभिन्न कार्यक्रमहरुको आयोजना गरेर अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवस सम्पन्न गरियो । हरेक वर्ष विश्व भरीका अपाङ्गता भएका व्यक्तिहरुका सवालहरु सहज रुपमा संवोधन होस् भनेर नारा तय गर्ने गर्दछ र त्यी नारालाई सार्थकता दिनको लागि अपाङ्गताको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायहरुले कार्यक्रमहरु तय गरी काम गर्ने गर्दछन् । त्यसैले



## अपाङ्गता भएका महिलाहरुका सवाललाई पनि विशेष प्राथमिकता दिनु पर्दछ



**अनिता घिमिरे, कोषाध्यक्ष, नेपाल अपाङ्ग महिला संघ**

*अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस हामीले हरेक वर्षको डिसेम्बर ३ तारिकका दिन विभिन्न कार्यक्रमहरुको आयोजना गरेर निकै हर्ष उल्लासका साथ मनाउदै आएका छौं । विगतका वर्षहरुमा जस्तै यस पटक पनि यो दिवसका अवसरमा विभिन्न कार्यक्रमहरुको आयोजना गरियो । विभिन्न समयमा अपाङ्गता भएका व्यक्तिहरुका सवालमा विभिन्न कार्यक्रमहरुको आयोजना गरिरहदा अन्य व्यक्तिहरुको तुलनमा अपाङ्गता भएका व्यक्ति तथा अपाङ्गता भएका महिलाहरुलाई अर्थ पूर्ण सहभागीता गराएको पाइदैन । हामीले हरेक वर्ष अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस मनाउँदा अबका दिनमा यस दिवसका अवसरमा यस्ता सवालहरुलाई विशेष प्राथमिकता दिनु पर्ने आवश्यक देखिन्छ । अधिकांश महिलाहरुका सवालहरु ओझेलमा परेको अवस्था छ । यस दिवसको अवसरमा अपाङ्गता भएका महिलाहरुका स्वास्थ्य सेवा, यौन तथा प्रजनन् स्वास्थ्य सेवा, रोजगार, न्यायका सवाहलरुलाई बढी प्राथमिकता दिनु पर्ने जरुरी देखिन्छ । यसो हुन सकेमा मात्र हरेक वर्षको डिसेम्बर ३ तारिकका दिन मनाइने अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवसको सार्थकता हुन्छ । दिगो विकास लक्ष्यमा अपाङ्गता भएका महिलाहरुका सवालहरुलाई समावेश गर्न जरुरी छ । अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवसले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई पूर्ण रुपमा समावेश गर्न सकोस् । अबका दिनमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका साथै अपाङ्गता भएका महिलाहरुका लागि पनि विभिन्न कार्यक्रमहरु सञ्चालन होस् । यस वर्षको अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तर्राष्ट्रिय दिवसका अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण अपाङ्गता भएका व्यक्ति, अपाङ्गता भएका महिलाहरुको हरेक कार्यक्रमहरुमा सक्रिय सहभागीता हुन सकोस् भन्ने शुभकामना दिन चाहन्छु ।*

यस वर्ष पनि डिसेबर ३ तारिकमा अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवसका अवसरमा संयुक्त राष्ट्रसंघले " Promoting the Participation of Persons with dis-

abilities and their leadership : Taking action on the 2030 Development" भन्ने नारा तय गरेको थियो भने नेपालमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अपाङ्गतको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको छलफल तथा सल्लाह सुझाव अनुसार नेपालको राष्ट्रिय नारा "दिगो

## हामी हाम्रो तर्फबाट आवश्यक सहयोग गर्ने छौं



*डिल्लु प्रसाद घिमिरे,*
*सचिव, गैर सरकारी संस्था महासंघ नेपाल*

*अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तराष्ट्रिय दिवसको अवसरमा म सबैलाई शुभकामना दिन चाहन्छु । यो दिन भनेको अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको विषयमा बोल्ने दिन हो । हामी सबै सरोकारवाला निकायहरुले अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार सुनिश्चितको लागि सहकार्य गरेर काम गर्नु पर्दछ । साथै अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका विषयमा सबै निकायहरुलाई जानकारी गराउनु पदर्छ । हाम्रो देशमा अन्य नागरिकहरु जस्तै अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको लागि पनि वकालत तथा पैरवीहरु भएका छन् । विभिन्न ऐन कानूहरु बनेका छन् तर ती ऐन कानूनहरु पूर्ण रुपमा कार्यन्वयन हुन नसक्दा अपाङ्गता भएका व्यक्तिहरुले सहजरुपमा राज्यले प्रदान गरेका सेवा सुविधाहरुको उपयोग गर्न पाएका छैनन् । नेपालको संविधान २०७२ मा अपाङ्गता भएका व्यक्तिहरुको सवालहरु पनि समावेश गरिएको छ । सो संविधानको धारा ४२ मा सामाजिक न्यायको हक भित्र अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको व्यख्या गरिएको छ । त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संम्बन्धी ऐन २०७४ मा आएको छ । अब हामी सबैले यी नीति नियम तथा कानूनहरुलाई कार्यन्वयनको लागि सहयोग गर्नु पर्दछ । यस कार्यमा हामी हाम्रो तर्फबाट आवश्यक सहयोग गर्ने छौं । यसको लागि हामी सरकारी तथा गैर सरकारी निकायहरु र अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्था सबै एक जुट भएर मिलेर काम गर्नु पर्दछ । अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवसले सबै अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई पूर्ण रुपमा समावेश गर्न सकोस् मेरो शुभकामना छ ।*

विकासको लक्ष्य : अपाङ्गता मैत्री भविश्य" भन्ने तय गरिएको थियो । यस दिवसका अवसरम देशका विभिन्न स्थाहरुमा स्थानीय निकायहरु तथा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले अपाङ्गताको क्षेत्रमा जनचेतना जगाउने तथा अपाङ्गताको हकहितका लागि विभिन्न कार्यक्रमहरुको आयोजना गरेका थिए । त्यसै गरी यस

## सबै अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो अधिकारको उपयोग गर्न पाएका छैनन्



**इन्द्रमाया गुरुङ, संयोजक, अपाङ्गता संगठन नेपाल**

*आज हामी अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रि दिवस मनाउन थालेको पनि २८ बर्ष भयो । यो दिवस मनाउ थाले पछि अपाङ्गता भएका व्यक्तिहरुको विषयमा केही सकारात्मक चेतना जागेको भएता पनि यो शहर केन्द्रित मात्र रहेको छ र अझै पनि कति पय ग्रामीण क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको जीवन ज्यादै कष्टकर रहेको छ । शहरी क्षेत्रमा पनि पूर्ण अपाङ्गता भएका व्यक्तिहरु जो अरुको सहयोग विना केही गर्न नै सक्नु हुन्न यस्ता अपाङ्गता भएका व्यक्तिहरुको विषयमा राज्यले ध्यान दिन आवश्यक रहेको छ । नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि आएको छ । विभिन्न नीति नियमहरु बनेका छन् तर अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि अनुरुपम अपाङ्गता क्षेत्रमा काम हुन सकेको छैन । अधिकांश अपाङ्गता भएका व्यक्तिहरुले शिक्षा, स्वास्थ्य, रोजगारबाट बञ्चित हुन परेको अवस्था छ । अपाङ्गता मैत्री संरचना हुनु पर्ने, राज्यले उपलब्ध गराएका सेवा सुविधाको उपयोग गर्न सक्ने वातावरण बन्न सकेको छैन । जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस मनाउन थालेको २८ बर्ष भएता पनि अपाङ्गता भएका व्यक्तिहरुले पूर्ण रुपमा आफ्नो अधिकारको उपयोग गर्न पाइएको छैन । त्यसैले अबका दिनमा नेपाल सरकारले आफ्ना सबै कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाइ समावेश गरियोस् भन्न चाहन्छु ।*

दिवसका अवसरमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालसँगको समन्वयमा पत्रकार सम्मेलन, सरसफाई, मनोसामाजिक तथा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको विषयमा उनीहरुले भोग्न परेका चुनौती, राज्यले उपलब्ध गराएका सेवा सुविधाको अवस्था तथा ती सेवा सुविधा लिनको लागि भएका कठिनाईहरु लगाएतका सवाल समावेश गरेर नाटक प्रदर्शन, अपाङ्गता भएका व्यक्तिहरुको राजनीतिक अधिकार र चुनौती, अपाङ्गता भएका महिलाहरुको प्रजनन् स्वास्थ्य अधिकारको अवस्था, लगाएतका सवालहरु समावेश गरी कार्यक्रमहरुको आयोजना गरियो।

यस दिवसका अवसरमा स्थानीय निकायहरु जस्तै ललितपुर महानगरपालिकामा अपाङ्गता मैत्री लिफ्ट निर्माण गरी उद्घाटन गरियो । त्यसै गरी गोकर्णेश्वर नगरपालिका मार्फत विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यकता अनुसारको सहयोगी सामाग्रीहरु वितरण गरियो भने राष्ट्रिय अपाङ्ग कोष मार्फत पनि अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहयोगी सामाग्री वितरण गर्नुका साथै



अपाङ्गताको क्षेत्रमा योगदान पुऱ्याएका अपाङ्गता भएका व्यक्तिहरु तथा समाज सेवीहरुलाई सम्मान गरिएको थियो । डिसेम्बर ३ तारिखमा विश्व भरी नै मनाउने अपाङ्गता

## अपाङ्गता भएका व्यक्तिहरुका सबै सवालहरुलाई समावेश गरेर काम गर्ने छौं



**मित्रलाल शर्मा, अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल**

*राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने संघ संस्थाहरुको छाता संगठन हो । त्यसैले यस महासंघ नेपालले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोग तथा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको सक्रिय सहभागीतामा विभिन्न कार्यक्रमहरुको साथै यस पटकको अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रि दिवस पनि विभिन्न कार्यक्रमहरुको आयोजना गरेर मनाउन सफल भएको छ । यस दिवसका अवसरमा आयोजना गरेका विभिन्न कार्यक्रमहरुले समाजमा अपाङ्गता भएका व्यक्तिहरु प्रतिको सामाजिक दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन सहयोग गरेको छ । विगतको तुलनामा केही मात्रमा भए पनि सरकारी निकायहरुले अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाइ समावेश गरी कामको थालनी गरेका छन् । अबका दिनमा अपाङ्गता भएका व्यक्तिहरुका सवालमा अझै सक्रिय रुपमा काम गर्नको लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपाल तयार छ । यस वर्षको अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवसको नाराले पनि दिगो विकासको लक्ष्यलाई संवोधन गरेको छ । सोही नारा अनुसार हामीले काम गर्नु पर्दछ । अब राज्यले अपाङ्गता भएका व्यक्तिहरुको लागि निजामती ऐन मार्फत पाएको ५ प्रतिशत आरक्षणलाई नै कायम राख्ने व्यवस्था गर्नु पर्छ । जनगणनामा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गर्नको लागि वासिङ्टन प्रश्नावली समावेश गर्नु हुनको लागि अनुरोध गर्दछु । साथै अपाङ्गता भएका शिक्षकहरुलाई स्थायी रुपमा पुनर्वाहलीको लागि पनि हामीले काम गर्न, अपाङ्गता भएका महिलाहरु माथी हुने हिंसा न्यूनिकरण गरी न्याय दिलाउन, शिक्षा, स्वास्थ्य, रोजगारमा लगायतका सवालमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच पुर्यानको लागि पनि हामी काम गर्ने छौं ।*

भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवसका अवसरमा देश भरी नै विभिन्न कार्यक्रमहरु सम्पन्न गर्नुका साथै जनचेतनाका लागि र्‍याली निकालिएको थियो । “दिगो विकासको लक्ष्य : अपाङ्गता मैत्री भविश्य” भन्ने राष्ट्रिय नारा सहित काठमाण्डौंमा मनाइएको यस वर्षको अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवसमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङ्ग सहित उक्त मन्त्रालयका प्रतिनिधिहरु, अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, अभिभावक, विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको सहभागीता रहेको थियो । राष्ट्रिय अपाङ्ग महासंघ नेपालले आयोजना गरेको उक्त प्रभावत फेरी कार्यक्रममा भृकुटीमण्डपको प्रदर्शनीमार्गबाट निकालिएको र्‍याली भद्रकाली शहिदगेट, सुन्धारा, वीर अस्पताल, रत्नपार्क, पुरानो बसपार्क हुदै पुनः भृकुटीमण्डपमा आएर मुल समारोह कार्यक्रममा परिणत भएको थियो । सो मुलसमारोहको उद्धाटन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङ्गले पानसमा दिप प्रज्वलन र सचिव चन्द्रप्रसाद घिमिरेले घण्टी बजाएर गर्नु भएको थियो । संयुक्त राष्ट्र संघले सन् १९८१ अन्तर्राष्ट्रिय अपाङ्ग वर्षको रुपमा घोषणा गरेको थियो । अपाङ्गता भएका



# अपाङ्गता भएका व्यक्तिहरुलाई अवसर दिनु पर्दछ



**शान्ति नेपाल, उपमेयर, गोकर्णेश्वर नगरपालिका, काठमाण्डौं**

*अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तराष्ट्रिय दिवसका अवसरमा म देश भर रहेका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गताको हक हित र अधिकारको लागि काम गर्ने संघ संस्थाहरु, अपाङ्गता भएका व्यक्तिहरूका अभिभावकहरु सबैमा शुभकामना व्यक्त गर्न चाहन्छु । हरेक वर्षको डिसेम्बर ३ तारिकका दिन अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस मनाउन पाउदा ज्यादै खुशी लागेको छ । यस दिवसका अवसरमा गोकर्णेश्वर नगरपालिकाले यस नगरपालिकामा रहनु हुने विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि उनीहरुको आवश्यकता अनुसारको सहायक सामाग्रीहरु वितरण गर्ने अवसर पाएको छ । गत वर्षको अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवसका अवसरमा हामीले यस नगरपालिकामा रहेका विभिन्न प्रकार अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण गरेका थियौं । हाम्रो नगरपालिकाले यस क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुलाई अनुदान सहयोग पनि प्रदान गर्दै आएका छौं । अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्नको लागि उनीहरुको सही विवरण भएमा सहज हुने भएकोले अबका दिनमा यस क्षेत्रमा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको सही तथ्याङ्क हुन जरुरी छ । यसको लागि हामीले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरेर काम गर्ने छौं । अबका दिनमा गोकर्णेश्वर नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहयोग गर्ने छ र अब गोकर्णेश्वर नगरपालिकामा बन्ने सडक तथा अन्य भौतिक संरचनाहरु पनि अपाङ्गता मैत्री बनाउने छौं । यस कार्यको लागि हामीलाई आवश्यक सल्लाह सुझाव दिनु हुनको लागि अनुरोध गर्दछु । अपाङ्गता भएका व्यक्तिहरु कमजोर र असक्षम हुनु हुन्न हामीले अपाङ्गता अनुकुलको संरचना, वातावरण निर्माण गर्ने हो भने उहाँहरुले देश विकासमा ठुलो योगदान दिन सक्नु हुन्छ । त्यसैले उहाँहरुलाई हामीले अवसर प्रदान गरौं ।*

व्यक्तिहरुको अधिकारका लागि विश्वव्यापी रुपमा काम गर्न सन् १९८२ मा अपाङ्गता सम्बन्धी १० वर्षे कार्य योजना पारित गरे पश्चात् सदस्य राष्ट्रहरुलाई घोषणा गरेको थियो । त्यस पछि सन् १९८३ देखि सन् १९९२ को अवधिलाई विश्व अपाङ्गता दशकको रुपमा समेत घोषणा गरियो । अन्तर्राष्ट्रिय अपाङ्गता दशकको समापनको क्रममा सन् १९९२ मा राष्ट्रसंघ द्वारा डिसेम्बर ३ तारिकलाई विश्वभरी अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवसको रुपमा हरेक वर्ष मनाउने निर्णय गर्दै संसार भरी नै सदस्य राष्ट्रहरुलाई आव्हान गरियो र सोही वर्ष देखि यो दिवसलाई डिसेम्बर ३ तारिख देखि मनाउदै आइएको छ । अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवस मनाउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा एक मूल समारोह समितिको गठन गरि मनाउने क्रममा देशका स्थानीय सरकारहरुको नेतृत्वमा पनि ७ वटै प्रदेशमा यो दिवस मनाइएको छ । यसै दिवसका अवसरमा काठमाण्डौंमा पनि अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका साथै विभिन्न नगरपालिकाहरुले पनि अपाङ्गता सम्बन्धी



# नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको सवालमा काम गरिरहेको छ



**चन्द्रप्रसाद घिमिरे, सचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

*अपाङ्‍गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवस हामी सबैको दिवस हो । यस दिवसका अवसरमा हामीले अपाङ्‍गता भएका व्यक्तिहरुका सवालहरुलाई संबोधन गर्दै काम गर्नु पर्दछ । यस विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पनि अपाङ्‍गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको सहकार्य तथा सल्लाह सुझाव अनुसार काम गर्दै आएको छ र अबका दिनमा अझै काम गर्न जरुरी रहो छ । अपाङ्‍गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवस भनेको अपाङ्‍गता भएका व्यक्तिहरुका लागि सरोकारवाला निकाय तथा राज्य स्तरबाट के कस्ता कामहरु भए र अबका दिनमा अझै के गर्नु पर्दछ भनेर समिक्षा गर्ने दिन पनि हो । नेपाल सरकार तथा अपाङ्‍गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको सहकार्यमा अपाङ्‍गता भएका व्यक्तिहरुका लागि धेरै काम भएका छन् । जस्तै अपाङ्‍गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४ आएको छ । सो ऐनको नियमावली बनाउन आजश्यक रहेको छ । सबै निकायहरु अपाङ्‍गता मैत्री हुनु पर्दछ भनेर वकालत भएको छ । विगतको तुलनामा अपाङ्‍गता भएका व्यक्तिहरु प्रति सामाजिक दृष्टकोणमा सकारात्मक परिवर्तन आएको छ । अपाङ्‍गता भएका व्यक्तिहरुको हक हित र अधिकार स्थापीत गर्नका लागि नीति नियम तथा ऐन कानूनहरु बनेका छन् । अब हामी सबै मिलेर यस्ता व्यवस्थाहरुको कार्यन्वयन गर्न आवश्यक छ । नेपाल सरकारले नेपालको संविधानमा पनि अपाङ्‍गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गरेको छ । त्यसै गरी राष्ट्रिय कार्य योजना बन्दै छ त्यसमा पनि अपाङ्‍गता भएका व्यक्तिहरुका सवालहरुलाई पूर्ण रुपमा समावेश गर्न जरुरी छ । अपाङ्‍गता भएका व्यक्तिहरुका लागि राज्यले व्यवस्था गरेका नीति नियम तथा सेवा सुविधाहरुलाई राज्यका सबै स्थानीय निकायहरुमा जानकारी गराउनु पर्दछ । अपाङ्‍गता भएका व्यक्तिहरुका हरेक सवालमा नेपाल सरकारले सकारात्मक रुपमा काम गर्ने छ । अपाङ्‍गता भएका व्यक्तिहरुको हक हित र अधिकार स्थापीत गर्नको लागि हामीले कहाँ कसरी काम गर्नु पर्दछ आवश्यक सल्लाह सुझाव दिनु हुन अनुरोध गर्दै अपाङ्‍गता भएका व्यक्तिहरुको २८ औ अन्तराष्ट्रिय दिवसको अवसरमा सम्पूर्ण अपाङ्‍गता भएका व्यक्तिहरुको उन्तती, प्रगती तथा उनीहरुको आवश्यक हक अधिकार स्थापीत होस् भन्ने शुभकामना दिन चाहन्छु ।*

विभिन्न कार्यक्रमहरुको आयोजना गर्नु भएको थियो। विगतको तुलनामा पछिल्लो केही समय यता यो दिवसलाई सबै सरोकारवाला निकायहरुको पनि ध्यान केन्द्रित भएको पाइन्छ। यसै दिवसका अवसरमा सम्माननिय राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री के.पी. शर्मा ओलीले शुभकामना सन्देश पठाउनु भएको थियो । अबका दिनमा सबै निकायहरुले अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई प्राथामिकता दिएर काम गर्नु पर्ने जरुरी देखिन्छ।

अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवस मनाउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङ्गको अध्यक्षतामा १ सय ९६ सदस्यि मूल समारोह समितिको गठन गरिएको थियो। त्यसै गरी देशका विभिन्न स्थानीय निकायहरु जस्तै नगरपालिका, गाँउपालिका, प्रदेशको सामाजिक विकास मन्त्रालय लगायत अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले पनि अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवस भब्यताका साथ सम्पन्न गर्नु भयो। पछिल्लो केही समय एता विभिन्न प्रकारका अपाङ्गता भएका



# अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई प्राथमिकता दिएर काम गर्ने छौं



**पार्वत गुरुङ, मन्त्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

*" दिगो विकासको लक्ष्य अपाङ्गता मैत्री भविष्य" भन्ने मुला नारका साथ डिसेम्बर ३ तारिकका दिन हामी अन्तराष्ट्रिय स्तरमा अपाङ्गता भएका व्यक्तिहरुको दिवस मनाउने गर्दछौं । यस दिवसका अवसरमा अपाङ्गता भएका व्यक्तिहरुका सवालमा साप्ताह व्यापी रुपमा विभिन्न कार्यक्रमहरुको आयोजना गरिन्छ र सम्बन्धीत निकायको ध्यान केन्द्रित गरिन्छ । यस्ता जनचेतना मुलक दिवसहरु सम्पन्न गर्नको लागि नेपाल सरकारका सम्पूर्ण निकायहरु तथा सम्बन्धित मन्त्रालयहरुको सक्रिय सहभागीता हुन जरुरी छ । अपाङ्गता भएका व्यक्तिहरुका सवालहरु उनीहरुका मात्र नभएर सबै नागिरकहरुका सवाल हुन । किनकी जुन सुकै समयमा पनि जो व्यक्ति पनि अपाङ्गता हुन सक्छ । त्यसैले सबै नागरिकहरुले अपाङ्गताका सवालहरुलाई प्राथमिकता दिएर काम गर्नु पर्दछ । अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तर्राष्ट्रिय दिवसको अवसरमा सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरु, अभिभावक, यस क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधिहरु सबैमा शुभकामना व्यक्त गर्दै उनीहरुको अधिकार प्राप्तीको लागि हामी सबै हातेमालो गरेर अगाडि बढ्न आग्रह गर्दछु । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्राप्तीको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विगतका दिनमा पनि काम गर्दै आएको थियो र अबका दिनमा पनि काम गर्ने छ । अपाङ्गता भएका व्यक्तिहरुका लागि बनेका ऐन, नीति नियमहरु कार्यन्वयनका लागि काम गर्ने छौं । साथै राष्ट्रिय कार्यनीतिको कार्ययोजना छिटो भन्दा छिटो ल्याउने प्रतिवद्धताका साथै राष्ट्रिय निर्देशक समिति गठन भइरहेको अवस्था छैन यसका केही मापडण्डको विषयमा छलफल भैरहेको अवस्था छ यो मापडण्ड र यसका आवश्यक प्रक्रिया पुरा गरेर राष्ट्रिय निर्देशक समिति पनि गठन गर्ने जानकारी गराउदछु । अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमा पुनर्स्थापन कार्यक्रम उनीहरुले प्रयोग गर्ने सहायक सामाग्रीहरुको स्वदेशमै उत्पादन गर्ने लगाएतका कार्यहरुलाई प्राथमिकता दिएर काम गर्ने छौं ।*

व्यक्तिहरुले आफ्नो हक र अधिकारको लागि संगठित भएर अगाडी बढि रहेका छन् । विभिन्न निकायहरुमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच र सहभागिता हुनु पर्ने भनि वकालत, पैरवी गर्दै आएका छन् भने सरोकारवाला निकायहरुलाई झकझकाउने काम पनि भएको छ । यसो हुदा हुदै पनि सबै निकायहरुमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच पुग्न सकेको छैन । अझै पनि हाम्रा सरोकारवाला निकायका भौतिक संरचनाहरु पूर्ण रुपमा अपाङ्गता अनुकुलका बन्न सकेका छैनन् । अबका दिनमा यस विषयमा पनि सरकारको ध्यान केन्द्रित हुन जरुरी छ । आगामी दिनमा सरोकारवाला निकायहरुले यस विषयमा ध्यान दिन जरुरी देखिन्छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मार्फत पनि अपाङ्गता भएका व्यक्तिहरुको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ । अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको प्रयास, पैरवीको कारण नेपालको संविधान २०७२ मा अपाङ्गता भएका व्यक्तिहरुका केही अधिकारहरु पनि समावेश भएका छन् । त्यसै गरी अपाङ्गताको अधिकार सम्बन्धी ऐन २०७४ पनि आइसकेको छ । तर ती संविधान तथा विभिन्न ऐन कानूनमा भएका व्यवस्थाहरु पूर्ण रुपमा कार्यान्वयन हुन नसक्दा अपाङ्गता भएका व्यक्तिहरुको जीवन चुनौती पूर्ण रहेको छ । त्यसैले अबका दिनमा नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा सम्बन्धीत मन्त्रालयहरु र अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले अपाङ्गता भएका व्यक्तिहरुका सबै सवालहरु समावेश हुने गरी भएका नीति नियम तथा ऐन कानूनहरु पूर्ण रुपमा कार्यन्वयन गर्ने गरी काम गर्न जरुरी रहेको छ । तब मात्र हामीले हरेक वर्ष डिसम्बर ३ तारिखमा विश्व भरी नै अन्तर्राष्ट्रिय रुपमा मनाईएको अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवसको सार्थकता रहने छ । यस दिवसलाई सफल बनाउनको लागि हामी सबैले एक जुट भई अपाङ्गता भएका व्यक्तिहरुका हक हित र अधिकारका लागि काम गर्न जरुरी देखिन्छ ।

# महिला नेतृत्व अपाङ्गता समावेशी परियोजनले जीवन जीउन सहयोग गरेको छ

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सन् २०१८ जुलाई दिख सन् २०२१ सम्मको लागि यूके.एड.को आर्थिक सहयोग र डि.डि.पी. यूकेको साझेदारीमा धादिङ्ग जिल्लाको अपाङ्ग कल्याण संघको सहकार्यमा अपाङ्गता भएका महिलाहरुको आर्थिक स्तर उकास्ने उदेश्यले Women Led Disability inclusion Livelihood (WDIL) अर्थात "महिला नेतृत्व अपाङ्गता समावेशी परियोजना " सञ्चालन गरेको छ । धादिङ्ग जिल्लाको निलकण्ठ नगरपालिकाको ३, १० र ११ वडा, गल्छि गाँउपालिकाको २,३ र ६ वडा, सिद्धलेक गाँउपालिकाको १ देखि ७ गरी सबै वडा र गजुरी गाँउपालिकाको १ र ६ नं वडाका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु र महिलाहरुको आय-आर्जनमा वृद्धि गरी जीवन



यापन सहज बनाउने उदेश्यले यो परियोजना सञ्चालन गरेको छ। उक्त परियोजना सञ्चालन गरे पछि अहिले धादिङ्ग जिल्लामा रहेको अपाङ्ग कल्याण संघ धादिङ्ग मार्फत धादिङ् जिल्लाका गजुरी गाँउपालिका, सिद्धलेक गाँउपालिका, गल्छि गाँउपालिका र निलकण्ठ नगरपालिकाका विभिन्न वडाहरुमा सामाजिक परिचालकहरु मार्फत निर्माण गरिएका समुहहरुलाई उनीहरुले चाहे अनुसारको व्यवसाय सञ्चालन गर्नको लागि अनुदान सहयोग मार्फत प्रत्येक समुहको १ जनालाई रु १२ हजारका दरले रकम उपलब्ध गराई सकिएको छ। सो रकमबाट ती समुहमा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु तथा उनीहरुका अभिभावक वा संरक्षकहरुले बाख्रा पालन, बंगुर पालन, फर्निचरको काम, चटपट व्यवसाय, कुखुरा पालन, तरकारी खेती गरी आय–आर्जन गरेर आफु र आफ्नो परिवारको आम्दानीमा वृद्धि गर्न सक्षम भएका छन् । साथै समाजमा अपाङ्गता भएका व्यक्तिहरुले केही पनि गर्न सक्दैनन् उनीहरु र परिवारको बोझ मात्र हुन भन्ने नकारात्मक सोच निर्मूलको लागि यस परियोजनाले ठुलो भूमिका खेलको छ । यो परियोजना अन्तर्गत धादिङ् जिल्लाको निलकण्ठ नगरपालिका वडा नं ३ मा काठका सामाग्रीहरुको व्यवसाय सञ्चालन गरेर आय–आर्जन गर्न सफल हुनु भएका शारीरिक अपाङ्गता भएका व्यक्ति तेजबहादुर रानाको सफलताको कथा प्रस्तुत गरिएको छ।

धादिङ्ग जिल्लाको ज्यावालामुखी गाँउपालिका वडा नं ६ स्थाई ठेगाना भएक तेजबहादुर राना शारीरिक अपाङ्गता भएको व्यक्ति हुनु हुन्छ । उहाँको भनाई अनुसार सानै छदा राती सुत्दा कम्मर भन्दा तलको भागम किराले टोके जस्तो भएको र शरीरका विभिन्न स्थानहरुमा दाग देखिए पछि उपचारको लागि उहाँको बुवाले नेपाल र भारतका विभिन्न अस्पतालहरुमा उपचारको लागि लैजानु भएता पनि ठिक भएन। उहाँको शारीरिक अवस्था झनै कमजोर हुदै जान थाल्यो । हिड्डुलको लागि उहाँले लट्ठीको सहयोग लिनु पर्ने भयो र शारीरिक रुपमा कमजोर भए पछि उहाँले सिलाइको कामहरु सिक्दै जानु भएको थियो। वि.स.२०६७ सालमा घर बनाउने काम गर्ने क्रममा लडेर फेरी कठिनाई हुनुका साथै फेरी शौचालयमा चिप्लेर लडे पछि खुट्टामा चोट लाग्यो। त्यस पछि उहाँको दाहिने खुट्टा कमजोरी हुन पुग्यो। हाल उहाँ हिड्डुलका लागि बैशाखी प्रयोग गर्ने गर्नु हुन्छ । तर पनि उहाँमा आफु शारीरिक रुपमा अपाङ्गता भए भन्ने कुराले कुनै खिन्नता भएन । विभिन्न

समयमा विभिन्न सीपहरु सिक्दै जानु भयो।

आफ्नो गाँउमा सोचे जस्तो कमाई नभएको र आफुमा भएको सीपको उपयोग गर्ने अवसर नपाए पछि उहाँ अस्थाई रुपमा निलकण्ठ नगरपालिकाको वडा नं ३ मा अस्थाई रुपमा बसोबास गर्न थाल्नु भयो र आफुमा भएको सिकर्मीको सीप अर्थात काठको काम गर्ने, घर बनाउने क्रममा गारो लगाउने अर्थात डकर्मीको काम, घरहरुमा रङ्गरोगन गर्ने काम गरेर जीवन यापन गर्दै हुनु हुन्थ्यो।

यसै क्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सन् २०१८ जुलाई दिख सन् २०२१ सम्मको लागि यूके.एड.को आर्थिक सहयोग र डि.डि.पी. यूकेको साझेदारीमा धादिङ्ग जिल्लाको अपाङ्ग कल्याण संघको सहकार्यमा धादिङ्ग जिल्लाको निलकण्ठ नगरपालिकाको ३, १० र ११ वडा, गल्छि गाँउपालिकाको २,३ र ६ वडा, सिद्धलेक गाँउपालिकाको १ देखि ७ गरी सबै वडा र गजुरी गाँउपालिकाको १ र ६ नं वडाका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु र महिलाहरुको आय-आर्जनमा वृद्धि गरी जीवन यापन सहज बनाउने उदेश्यले अपाङ्गता भएका महिलाहरुको आर्थिक स्तर उकास्ने उदेश्यले Women Led Disability inclusion Livelihood (WDIL) अर्थात "महिला नेतृत्व अपाङ्गता समावेशी परियोजना " अन्तर्गत सामाजिक परिचालक मार्फत निर्माण गरिएको समुहमा आवद्ध हुने अवसर पाउनु भयो र त्यहाँ काम गर्ने सामाजिक परिचालक मार्फत

Women Led Disability inclusion Livelihood (WDIL) अर्थात "महिला नेतृत्व अपाङ्गता समावेशी परियोजना " अन्तर्गत आय–आर्जन गर्नका लागि रु १२ हजार रुपैया प्रदान गरियो । यो रकमबाट उहाँले काठको काम गर्नका लागि आश्यक हुने सामाग्रीहरु जस्तै काठको बुट्टा बनाउने तथा कोण बनाउको लागि सहज हुने राउटर, ड्रिल मेशिन, रन्दा र अन्य आवश्यक सामाग्रीहरु किनेर ल्याउनु भयो । जसले गर्दा अहिले उहाँले काठका विभिन्न सामाग्रीहरु निर्माण गरेर बेच्नु हुन्छ र आम्दानी गर्नु भएको छ। यो काठका काम गर्न थाले पछि उहाँ आफुले मासिक रुपमा ३० देखि ३५ हजार रुपैया आम्दानी हुने र त्यो आम्दानीले आफु लगायत घरमा भएका ६ जनाको परिवारलाई सहज रुपमा पालन पोषण गर्न पुगेको बताउनु हुन्छ। यो परियोजना मार्फत आफ्नो जीवनमा धेरै सकारात्मक परिर्वतन आएको र आय–आर्जनका लागि अति नै सहज भएकोमा उहाँ नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, यू.के.एड., डि.डि.पी. यूके, तथा अपाङ्ग कल्याण संघ

धादिङलाई धेरै धेरै धन्यवाद दिनु हुन्छ । यो परियोजना मार्फत उपलब्ध भएको रु १२ हजारले उहाँले काठका सामाग्रीहरु बनाउने विभिन्न सामाग्रीहरु किनेर घरमा आवश्यक हुने झ्याल, ढोका, टेबुल, कुर्सी, दराज, सोफा, लगाएतका काठका सामाग्रीहरु बनाउने गर्नु हुन्छ । यो परियोजना मार्फत उपलब्ध गराएको रकमले आफ्नो जीवन यापनमा निकै सहयोग गरेको र आगामी दिनमा यस कार्यबाट रकम बचत गरेर काठको सामाग्रीहरु निर्माण गर्ने कारखाना नै सञ्चालन गर्ने योजना रहेको शारीरिक अपाङ्गता भएका व्यक्ति तेजबहादुर रानाको छ । Women Led Disability inclusion Livelihood (WDIL) अर्थात "महिला नेतृत्व अपाङ्गता समावेशी परियोजना " सञ्चालन हुनु भन्दा पहिला आफुलाई काठको काम गर्ने मेशिन किन्न निकै गारो भएको र यो परियोजना पश्चात अहिले निकै सजिलो भएकोमा खुशी व्यक्त गर्दै नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, यू.के.एड., डि.डि.पी. यूके, तथा अपाङ्ग कल्याण संघ धादिङलाई धेरै धेरै धन्यवाद दिनु हुन्छ ।



# समाचार विविध

## विश्व मस्तिष्क पक्षाघात दिवस सम्पन्न

***१९ असोज २०७६ प्रदिप श्रेष्ठ, ललितपुर***

मस्तिष्क पक्षाघात स्वाबलम्बन समुह नेपालको आयोजनामा "GO Green" "हरियो बत्ति बाल्ने" भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरुको आयोजना गरी विश्व मस्तिष्क पक्षाघात दिवस सम्पन्न गरियो । यस दिवसका अवसरमा हरियो बत्ति बालेर ललितपुरको पाटन दरबावरको परिसर, काठमाण्डौंको बसन्तपुर, भक्तपुर लगायतका विभिन्न विद्यालयहरुमा जनचेतना मुलक कार्यक्रमहरुको आयोजना गरिएको थियो । सो




*मस्तिष्क पक्षाघात स्वावलम्बन समूह नेपालको आयोजनामा सम्पन्न विश्व मस्तिष्क पक्षाघात दिवस कार्यक्रमको एक झलक । **तस्विर : प्रदिप श्रेष्ठ, ललितपुर***

दिवसका अवसरमा आयोजना गरिएको कार्यक्रममा मस्तिष्क पक्षाघात स्वावलम्बन समूह नेपालमा कार्यरत बाल रोग विशेषज्ञ डा. प्रज्ञा कर्माचार्यले मस्तिष्क पक्षाघातको बारेमा जानकारी दिँदै नेपालमा यसको अवस्थाको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष रमेश लामाले मस्तिष्क पक्षाघात अपाङ्गताको विषयम जनचेतना जगाउनु पर्ने, मस्तिष्क पक्षाघातलाई अपाङ्गताको अधिकारसँग समावेश गर्नु पर्ने बताउनु भएको थियो । आयोजक संस्थाका प्रमुख कार्यकारी अधिकृत विमललाल श्रेष्ठले यो दिवसले मस्तिष्क पक्षाघात अपाङ्गता भएका व्यक्तिहरुको विषयमा समाजमा जनचेतना जगाउनको लागि सहयोग गर्ने बताउनु भएको थियो भने नवआवगमन संरक्षक समाजकी अध्यक्ष शक्ति थापाले मस्तिष्क पक्षाघात अपाङ्गता भएका व्यक्तिहरुका अभिभावकहरुको संरक्षकको विषयम पनि राज्यले कार्यक्रम सञ्चालन गर्नु पर्ने बताउनु भयो । सो कार्यक्रममा ललितपुर महानगरपालिकाका उपमेयर गिता सत्यालले मस्तिष्क पक्षाघात अपाङ्गता भएका तथा अन्य प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई राज्य स्तरबाट आवश्यक सहयोग गर्नु पर्ने र यस विषयमा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । सो कार्यक्रममा मस्तिष्क पक्षाघात अपाङ्गता भएका व्यक्तिहरु, अभिभावक तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरु सहित २४ जनाको सहभागिता रहेको थियो ।

## अटिजम केयर नेपाल सोसाइटीको १२ औं साधारण सभा तथा छैठौं अधिवेशन सम्पन्न

*२ कात्तिक २०७६ शर्मिला विश्वकर्मा, ललितपुर*

अटिजम केयर नेपाल सोसाइटीको १२ औं साधारण सभा तथा छैठौं अधिवेशन ललितपुरमा सम्पन्न भएको छ । सो साधारण सभा तथा छैठौ अधिवेशनको उद्घाटन कार्यक्रमकी प्रमुख अतिथि तथा ललितपुर महानगरपालिकाकी उपमेयर गिता सत्यालले मैनबत्ति बालेर गर्नु भएको थियो । सो कार्यक्रममा गीतकार आनन्दरत्न बज्राचार्यले अटिजम अपाङ्गता भएका व्यक्तिहरुको विषयमा जनचेतना जगाउनको लागि बोलाउदानी नहेर्ने बोलको गीतको शब्द रचना गर्नु भएको र सो गीती एल्बमको विमोचन पनि

गरिएको थियो । सो कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका महासचिव राजु बस्नेतले अटिजम तथा अन्य प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको हक हित र अधिकार स्थापना गर्नको लागि राज्यको ध्यान केन्दि«त गर्नु पर्ने बताउनु भयो भने अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरुले अटिजम केयर नेपालले अटिजम अपाङ्गता भएका व्यक्तिहरुको लागि गरेको कामको प्रशंसा गर्दै साधारण सभा तथा अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो । यसै क्रममा कार्यक्रमकी प्रमुख अतिथि तथा ललितपुर महानगरपालिकी उपमेयर गिता सत्यालले अटिजम अपाङ्गता भएका व्यक्तिहरु र अटिजम केयर नेपाल सोसाइटीलाई सक्दो सहयोग गर्ने बताउनु भयो । सो संस्थाको १२ औं साधारण सभा तथा छैठौं अधिवेशन कार्यक्रममा यो संस्था मार्फत विशेष शिक्षाका लागि अध्ययन गर्न पठाइएका अभिभावकहरु काठमाण्डौंकी कृपा श्रेष्ठ र मुना मानन्धर चितवनकी प्रमिला न्यौपाने, रुपन्देहीकी मनिका घिमिरे, सुर्खेतकी सुमित्रा शाहीलाई सम्मान पनि गरिएको थियो भने यस संस्थालाई सहयो गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, अटिजम सम्बन्धी गीत गाउने गायिका कविता श्रेष्ठ र शुभबहादुर सुनाम, रचनाकार आनन्दराज बज्राचार्यलाई पनि



*अटिजम केयर नेपाल सोसाइटीको ललितपुरमा सम्पन्न १२ औं साधारण सभा तथा छैठौं अधिवेशन कार्यक्रमको एक झलक । **तस्विर : शर्मिला विश्वकर्मा***

सम्मान स्वरुप मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा संस्थाकी अध्यक्ष डा. सुनिता मलेकु अमात्यले अटिजम अपाङ्गता भएका व्यक्तिहरुलाई राज्यले अपाङ्गताको परिभाष भित्र समावेश गरेको र अझ यस विषयमा जनचेतना जगाउन आवश्यक भएको बताउनु भयो । सो साधरण सभा तथा अधिवेशनले डा. सुनिता मलेकु अमात्यको अध्यक्षतामा आगामी २ वर्षका लागि ७ जना नयाँ कार्य समिति निर्वाचित भएका छन् । जसमा उपाध्यक्षमा श्यामप्रसाद भण्डारी, सचिवमा निलम गौतम, कोषाध्यक्षमा कल्पना घिमिरे निर्वाचित हुनु भएको छ भने सदस्यहरुमा विधान श्रेष्ठ, अञ्जना महरा र कृतिका लम्साल रहनु भएको छ।

# अन्तर्राष्ट्रिय बाल दिवस समारोह सम्पन्न

***४ मंसिर २०७६ गणेश सुवेदी, बनेपा***

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपाको आयोजनामा बालदिवसको अवसरमा अन्तर्राष्ट्रिय बालदिवस समारोह कार्यक्रम बनेपामा सम्पन्न भएको छ । सो कार्यक्रममा अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र




*अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपाको आयोजनामा बालदिवसको अवसरमा अन्तर्राष्ट्रिय बालदिवस समारोह कार्यक्रमको एक झलक ।* ***तस्विर : गणेश सुवेदी***

अन्तरर्गत विकलाङ्ग मित्र समुहका महासचिव डा. अम्बिका मोहन जोशीले यस अस्पतालमा उपचार गराईरहेका अपाङ्गता भएका बालबालिकाहरु उपचार सकिएपछी आफ्नो गाँउमा गएर पुनर्स्थापना भैसकेपछी साङ्ग व्यक्तिहरुसरह आफ्नो जिवनयापन गर्न सक्ने बताउनु भयो । सो कार्यक्रममा अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपाका अस्पताल प्रबन्धक प्रकाश यादवले अपाङ्गता भएका बालबालिकाहरु उपचार पश्चात समाजमा नै पुनर्स्थापना गराउदै आएको बताउनु भयो । उक्त कार्यक्रममा अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रमा उपचार गराईरहेका अपाङ्गता भएका बालबालिकाहरुले विभिन्न कला प्रस्तुत गरेका थिए ।

## सिलाई कटाई तालिम पश्चात विदाई कार्यक्रम सम्पन्न

*६ मंसिर २०७६ शर्मिला विश्वकर्मा, धादिङ*

अपाङ्ग कल्याण संघ धादिङ्को आयोजना तथा मेरिनल फादर एण्ड ब्रदर्शको सहयोगमा एक वर्ष सम्म सिलाई कटाई तालिम सिकेका अपाङ्गता भएका व्यक्तिहरुलाई बिदाई तथा सम्मान कार्यक्रम धादिङ जिल्लाको गल्छि गाँउपालिकमा सम्पन्न भएको छ । सो कार्यक्रममा आयोजक संस्था अपाङ्ग कल्याण संघका महासचिव गोविन्द खनालले स्वागत मनतव्य प्रस्तुत गर्ने क्रममा यस संस्थाले विगत १० वर्ष देखि अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, दलित समुदायका महिला तथा पूरुषहरुलाई निःशुल्क रुपमा सिलाई कटाई तालिम प्रदान गर्दै आएको बताउनु भयो । त्यसै गरी नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका कार्यकारी निर्देशक जगदिश प्रसाद अधिकारीले यस संस्थाले अपाङ्गता भएका व्यक्तिहरुलाई सीप सिकायर आत्म निर्भर बनाएकोमा बधाई दिदै आगामी दिनमा पनि यस कार्यलाई निरन्तरता दिनको लागि अनुरोध गर्नु भएको थियो । सोही क्रममा अपाङ्ग कल्याण संघ धादिङ्का अध्यक्ष गुणराज खतिवडाले सिलाई कटाई तालिमले अपाङ्गता भएका व्यक्तिहरुलाई आय आर्जनमा सहज भएको र र परिवार तथा समाजमा अपाङ्गता भएका व्यक्तिहरुलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिर्वतन आएको बताउदै दातृ निकाय तथा




*अपाङ्ग कल्याण संघ धादिङ्को आयोजनामा सिलाई कटाई तालिम सिकेका अपाङ्गता भएका व्यक्तिहरुलाई बिदाई तथा सम्मान कार्यक्रमको एक झलक । **तस्विर : लोकनाथ दाहाल***

स्थानीय निकायहरुलाई आगामी दिनमा पनि सहयोगको अपील गर्दै यो तालिम सिकेका अपाङ्गता भएका तथा अन्य महिलाहरुलाई यस सीपको उपयोग गर्नका लागि अनुरोध गर्नु भयो । त्यसै गरी कार्यक्रमका प्रमुख अतिथि तथा गल्छि गाँउपालिकाका अध्यक्ष कृष्णहरी श्रेष्ठले यस्ता सीप मुलक तालिमहरुले अपाङ्गता भएका व्यक्तिहरु तथा अन्य व्यक्तिहरुलाई आत्म निर्भर गराउन सहयोग मिल्ने बताउदै अपाङ्ग कल्याण संघ धादिङ्ले गरेको कार्यको प्रशंशा गर्दै आगामी दिनमा यस क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भएको थियो । सो कार्यक्रममा ११ जिल्लाका अपाङ्गता भएका महिलाहरुलाई एक वर्षको सिलाई कटाई तालिम पश्चात ३६ जना लाई सिलाई मेशिन सहित सिलाई कटाईका लागि आवश्यक अन्य सामाग्रीहरु तथा प्रमाण पत्र सहित विदाई गरिएको आयोजक संस्था अपाङ्ग कल्याण संघ धादिङका कार्यक्रम अधिकृत सुदिप दुवाडीले जानकारी गराउनु भएको थियो ।

# बोसिया खेल सम्पन्न

*१५ मंसिर २०७६ शर्मिला विश्वकर्मा, काठमाण्डौं*

अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तराष्ट्रिय दिवसका अवसरमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्वस्थापन शाखा र राष्ट्रिय अपाङ्ग कोषको आयोजना तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि नेपाल बोसिया संघको सहयोगमा जनचेतनाका लागि काठमाण्डौंमा बोसिया खेलको आयोजना गरियो । खेलको उद्घाटन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव तथा अपाङ्गता अधिकार प्रवर्द्धन शाखाका शाखा प्रमुख पशुपति महत र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्वस्थापन शाखाका प्रमुख रविन्द्र बास्कोटाले बोसिया खेल खेलेर उक्त खेलको उद्घाटन गर्नु भएको थियो । साथै उक्त खेलमा बौद्धिक



*अपाङ्गता भएका व्यक्तिहरूको २८ औ अन्तर्राष्ट्रिय दिवसका अवसरमा जनचेतनाका लागि काठमाण्डौंमा आयोजना गरिएको बोसिया खेल कार्यक्रमको एक झलक। **तस्विर : शर्मिला विश्वकर्मा***

अपाङ्गता भएका व्यक्ति, मष्तिक पक्षाघात अपाङ्गता भएका व्यक्तिहरु तथा ह्वीलचियर प्रयोगकर्ता अपाङ्गता भएका व्यक्तिहरुको सहभागीता रहेको थियो । उक्त कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुका लागि नेपाल बोसिया संघकी अध्यक्ष गोमा देवी पौडेलले बोसिया खेलले अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक विकासमा धैरै सहयोग गर्ने र समाजमा अपाङ्गता भएका व्यक्तिहरुले पनि अवसर पाएको खण्डमा खेलकुदको विकासमा योगदान दिन सक्ने बताउदै प्रशिक्षकको भूमिका निर्वाह गर्नु भएको थियो । त्यसै गरी राष्ट्रिय अपाङ्ग कोषका सदस्य सचिव यमनाथ मैनालीले राज्यले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको विकासको लागि राज्य स्तरबाट नै सहयोग गर्नु पर्ने बताउनु भयो भने राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष मित्रलाल शर्माले अपाङ्गता भएका व्यक्तिहरुको खेलकुद विकासको लागि नेपाल सरकारका सबै निकायहरु तथा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको साथ र सहयोगको आवश्यक रहेको बताउनु भयो । उक्त कार्क्रममा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव तथा अपाङ्गता अधिकार प्रवर्द्धन शाखाका शाखा प्रमुख पशुपति महतले बोसिया खेलले समाजमा अपाङ्गता भएका व्यक्तिहरु प्रति सकारात्मक सन्देश दिने बताउदै यस विषयमा सबै सरोकारवाला निकायहरुले ध्यान दिनु पर्ने बताउनु भयो । अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तराष्ट्रिय दिवसका अवसरमा काठमाण्डौंमा आयोजना गरिएको बोसिया खेल प्रतियोगिता कार्यक्रमका प्रमुख अतिथि तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्वस्थापन शाखाका शाखा प्रमुख रविन्द्र बास्कोटाले ह्वीलिचयर प्रयोगकर्ता तथा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुले खेल्ने यो बोसिया खेललाई देश भरी नै खेलाउनु पर्ने र समाजमा अपाङ्गता भएका व्यक्तिहरु प्रति सकारात्मक सन्देश दिनको लागि सहयोग हुने बताउदै आफ्नो शाखाको तर्फबाट यो खेलको विकासको लागि सक्दो सहयोग गर्ने बताउनु भयो । सो कार्यक्रमको सञ्चालन अपाङ्गता भएका व्यक्तिहरुका लागि नेपाल बोसिया संघकी महासचिव देबकुमारी पराजुलीले गर्नु भएको थियो ।

# अनुराधा नाटक प्रदर्शन

***१५ मंसिर २०७६ शर्मिला विश्वकर्मा, काठमाण्डौं***

राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन संगठन कोशिशको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरुको २८ औ अन्तराष्ट्रिय दिवसको अवसरमा विभिन्न प्रकारका अपाङ्गता भएका अन्य प्रकारका अपाङ्गता भएका व्यकितहरुले अपाङ्गता भएकै कारण घर परिवार तथा सामाजिक रुपम भोग्न परेका समस्या तथा सार्वजनिक स्थानमा र सरकारी निकायबाट लिने सेवा सुविधाको उपयोग गर्ने क्रममा भोग्न परेका समस्याहरुलाई चित्रण गरिएको थियो । सो



*कोशिशको आयोजनामा प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका विभिन्न सवालहरू समावेश गरेर काठमाण्डौंमा अनुराधा नामक नाटक प्रदर्शन कार्यक्रमको एक झलक।* ***तस्विर : शर्मिला विश्वकर्मा***

व्यक्तिहरुका विभिन्न सवालहरु समावेश गरेर काठमाण्डौंमा अनुराधा नामक नाटक प्रदर्शन गरियो। सो नाटकमा मनोसामाजिक अपाङ्गता, दृष्टिविहिन तथा बौद्धिक अपाङ्गताका साथै नाटक प्रदर्शन पश्चात राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्वन संगठन कोशिशका निर्देशक मातृका देवकोटाले मनोसामाजिक तथा अन्य प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका यस्ता

समस्याहरुको समाधानको लागि राज्यले पहल गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । त्यसै गरी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव तथा अपाङ्गता अधिकार प्रवर्द्धन शाखाका शाखा प्रमुख पशुपति महतले अपाङ्गत भएका व्यक्तिहरुका लागि मन्त्रालयले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरेर काम गर्दै आएको र आगामी दिनमा पनि यी संस्थाहरुको सल्लाह सुझाव अनुसार काम गर्ने बताउनु भएको थियो । त्यसै गरी उहाँले यस्ता नाटकहरु धेरै मानिसहरु भएको स्थान र सरकारी निकायका प्रतिनिधहरुलाई देखाउनु पर्ने पनि बताउनु भएको थियो ।

## अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपामा पनि अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवस मनाइयो

***१७ मंसिर २०७६ शर्मिला विश्वकर्मा, बनेपा***

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपाको आयोजना तथा विभिन्न संघ संस्थाहरुको सहयोगमा विभिन्न कार्यक्रमहरुको आयोजना गरेर अपाङ्गता भएका व्यक्तिहरुको




*अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपामा अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा गरिएको कार्यक्रमको एक झलक ।*

***तस्विर : तारा वदन सेडाई***

२८ औं अन्तर्राष्ट्रिय दिवस सम्पन्न गरियो । यो दिवसको अवसरमा अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपामा गरिएको कार्यक्रममा उपचारार्थ रहेका अपाङ्गता भएका बालबालिकाहरुले विभिन्न चित्रहरु बनाएर प्रदर्शन गरेका थिए । त्यसै गरी सो कार्यक्रममा अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपाका कार्यकारी निर्देशक डा. विवेक बाँस्कोटाले यस दिवसको अवसरमा सबै अपाङ्गता भएका व्यक्तिहरुको सफलताको शुभकामना व्यक्त गर्दै सबै सरोकारवाला निकायहरुले आफ्ना कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गरेर काम गर्नु पर्ने बताउनु भयो । साथै उहाँले यस अस्पताल तथा पुनर्स्थापना केन्द«ले स्थापनाकाल देखि नै शारीरिक अपाङ्गता भएका बालबालिकाहरुको उपचार तथा पुनर्स्थापनाको लागि काम गर्दै आएको पनि बताउनु भयो । अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजना गरिएको कार्यक्रममा सोही अस्पतालमा उपचार हुनु भएका शारीरिक अपाङ्गता भएका व्यक्ति भिम बहादुर वि.क.लाई सम्मान पनि गरिएको थियो । कार्यक्रममा उक्त अस्पतालमा उपचारार्थ अपाङ्गता भएका बालबालिकाहरु, अभिभावक तथा कर्मचारीहरुको सहभागिता रहेको थियो भने १० जना अपाङ्गता भएका बालबालिकाहरुले चित्रकला प्रतियोगितामा सहभागी भएका थिए ।

## अपाङ्गता दिवसका अवसरमा गोकर्णेश्वर नगरपालिका द्वारा सहायक सामाग्री वितरण

*१७ मंसिर २०७६ शर्मिला विश्वकर्मा, काठमाण्डौं*

काठमाण्डौंको गोकर्णेश्वर नगरपालिकाको आयोजनामा “दिगो विकासको लक्ष्य : अपाङ्गता मैत्री भविश्य” भन्ने नारा सहित अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तराष्ट्रिय दिवस विभिन्न कार्यक्रमको आयोजना गरेर काठमाण्डौंको गोकर्णेश्वरमा सम्पन्न गरियो । यस दिवसका अवसरमा गोकर्णेश्वर नगरपालिकामा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री पनि वितरण गरिएको थियो । सो कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाकी उपमेयर शान्ति नेपालले गत वर्षमा पनि अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा गोकणेश्वर नगरपालिकामा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता




*काठमाण्डौंको गोकर्णेश्वर नगरपालिकाको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा सहायक सामाग्री वितरण कार्यक्रमको एक झलक।* ***तस्विर : जगदिश प्रसाद अधिकारी***

परिचय पत्र वितरण गरेको बताउदै यस यस क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने विभिन्न संघ संस्थाहरुलाई आवश्यकता अनुसारको सहयोग गरेको बताउनु भयो। त्यसै गरी उहाँले हामी सबैले अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई प्राथामिकताका साथ हेर्नु पर्ने र उनीहरुको हकहित र अधिकारको लागि काम गर्ने बताउदै यस दिवसको अवसरमा सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको सफलताको शुभकामना पनि व्यक्त गर्नु भएको थियो। त्यसै गरी उक्त दिवसको अवसरमा आयोजना गरिएको कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाका मेयर सन्तोष चालिसेले अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा शुभकामना दिदै यस नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको सवालमा आवाज उठाउने र आफ्ना कार्यक्रमहरुमा पनि समावेश गराउने बताउनु भयो। सो कार्यक्रममा काठमाण्डौंको गोकर्णेश्वर नगरपालिकामा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु, अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सक्रिय सहभागीता रहेको थियो।

# धादिङ्गमा अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवस मनाइयो

***१७ मंसिर २०७६ शर्मिला विश्वकर्मा, धादिङ***

धादिङ्ग जिल्लाको निलकण्ठ नगरपालिका, गल्छी गाँउपालिका, सिद्धलेक गाँउपालिका र गजुरी गाउँपालिकाको आयोजना तथा अपाङ्ग कल्याण संघ धादिङ्गको समन्वयमा विभिन्न कार्यक्रमहरूको आयोजना गरेर अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवस सम्पन्न गरियो । "दिगो विकासको लक्ष्य : अपाङ्गता मैत्री भविष्य " भन्ने नारा सहित मनाइएको अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा निलकण्ठ नगरपालिकाको नमुना बौद्धिक विद्यालयमा सम्पन्न कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरू, अभिभावक तथा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था र स्थानीय सरोकारवाला निकायका प्रतिनिधिहरू सहित र्‍यालीको आयोजना गरिएको थियो । सो दिवसको अवसरमा अपाङ्ग कल्याण संघ धादिङ्का अध्यक्ष गुणराज खतिवडाले निलकण्ठ नगरपालिकामा आयोजना गरिएको कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुको




*धादिङ्ग जिल्लामा अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवस मनाउँदै गर्दाको एक झलक ।* ***तस्विर : सुदिप दुवाडी, धादिङ्ग***

भौतिक संरचना तथा दिगो विकास लक्ष्यको विषयमा कार्यपत्र पनि प्रस्तुत गर्नु भएको थियो। अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा निलकण्ठ नगरपालिकामा आयोजना गरिएको कार्यक्रममा ७० जनाको सहभागिता रहेको थियो भने सो कार्यक्रम निलकण्ठ नागरपालिकाका उपमेयर मनराज भण्डारीको संयोजकत्वमा सम्पन्न भएको थियो। निलकण्ठ नगरपालिकामा सम्पन्न उक्त कार्यक्रममा निलकण्ठ नागरपालिकाका उपमेयर मनराज भण्डारी लगायत अपाङ्गता भएका व्यक्तिहरु, उनीहरुका अभिभावकहरु र विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। त्यसै गरी सिद्धलेक गाँउपालिकाले पनि अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा अपाङ्ग कल्याण संघ धादिङ, फोकस नेपाल, परिलक्षित र शान्ति नेपालको सहयोगमा कार्यक्रमको आयोजना गरिएको थियो । सिद्धलेक गाँउपालिकाकी उपाध्यक्ष कमला शर्माको संयोजकत्वमा सम्पन्न सो कार्यक्रममा अपाङ्ग कल्याण संघ धादिङ्का कार्यक्रम अधिकृत सुदिप दुवाडीले अपाङ्गता भएका व्यक्तिहरुका विभिन्न सवालहरुमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा उपाध्यक्ष कमला शर्माले सिद्धलेक गाँउपालिकाले अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको बताउदै आगामी दिनमा पनि यो गाँउपालिका मार्फत अपाङ्गता मैत्री वातावरणमा काम गर्ने र आवश्यक सहयोग गर्ने बताउनु भएको थियो भने उक्त कार्यक्रममा१ सय जनाको सहभागिता रहेको थियो। अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा गजुरी गाँउपालिकाले पनि उपाध्यक्ष सिता ढुङ्गानाको संयोजकत्व तथा अपाङ्ग कल्याण संघ धादिङ्को समन्वयमा २५ जनाको सहभागितामा यो दिवस सम्पन्न गरेको छ भने गल्छी गाँउपालिकाका अध्यक्ष कृष्णहरि श्रेष्ठको प्रमुख आतित्थ्य तथा उपाध्यक्ष राधा तिमल्सिनाको संयोजकत्वमा अपाङ्गताको सवालमा अन्तरक्रिया कार्यक्रम सहित अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवस सम्पन्न गरिनुका साथै सो अवसरमा अपाङ्गता भएका व्यक्तिहरुलाई बैशाखी, सेतो छडी तथा लठ्ठी निःशुल्क रूपमा वितरण गरिएको थियो । सो कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरु, अभिभावक, सरोकारवाला निकायका प्रतिनिधिहरु सहित १ सय जनाको सहभागिता रहेको थियो।

# अपाङ्ग कोषद्वारा अपाङ्गता प्रतिभा पुरस्कार वितरण

*१७ मंसिर २०७६ शर्मिला विश्वकर्मा, काठमाण्डौं*

राष्ट्रिय अपाङ्ग कोषको आयोजना र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखा टेकु, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, काठमाण्डौं महानगरपालिका, राष्ट्रिय युवा परिषद र ह्युम्यानीटी एण्ड इन्क्लुजनको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवसका अवसरमा काठमाण्डौंमा अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता प्रतिभा पुरस्कारद्वारा सम्मान कार्यक्रम गरियो । सो कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिति तथा महिला बालालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङ्ले पानसमा दिप प्रज्वलन गरेर गर्नु भएको थियो । सो कार्यक्रममा राष्ट्रिय अपाङ्ग कोषका सभापति गोपाल भण्डारीले अपाङ्गता भएका व्यक्तिहरुो २८औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा सबैलाई शुभकामना दिदै अपाङ्गता भएका व्यक्तिहरुका




*राष्ट्रिय अपाङ्ग कोषको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसका अवसरमा काठमाण्डौंमा अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता प्रतिभा पुरस्कारद्वारा सम्मान कार्यक्रमको एक झलक । **तस्विर : गणेश सुवेदी***

सवालहरुलाई राज्य स्तरबाट प्राथमिकताका आधारमा हेरिनु पर्ने बताउनु भयो । त्यसै गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पूर्व अध्यक्ष डा.विरेन्द्रराज पोखरेलले अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई सम्बन्धीत निकायहरुले सम्बोधन गर्नु पर्ने र अपाङ्गता अनुकुलको वातावरणमा अपाङ्गता मैत्री प्रविधिको विकास गर्नु पर्ने बताउदै यस संस्थाबाट सम्मानित हुनु हुने सम्पूर्ण अपाङ्गता भएका व्यत्तिहरुलाई बधाई दिनु भएको थियो भने राष्ट्रिय सभा सदस्य प्रकाश पन्थले अपाङ्गता भएका व्यक्तिहरुको पक्षमा बनाएका ऐन कानूनहरुलाई पूर्ण रुपमा कार्यन्वयन गर्नको लागि र अब बन्ने नीति निर्माणहरु अपाङ्गता मैत्री बनाउन पहल गर्ने र आफु सधै अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारको लागि सहयोग गर्ने बताउनु भयो । कार्यक्रमको सञ्चालनका क्रममा राष्ट्रिय अपाङ्ग कोषका सदस्य – सचिव यमनाथ मैनालीले राष्ट्रिय अपाङ्ग कोषले स्थापना काल देखि नै अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यकता अनुसारको सहयोगी सामाग्री वितरण गर्दै आएको र अपाङ्गताको क्षेत्रमा योगदान पुऱ्याएका अपाङ्गता भएका व्यक्तिहरुको योगदानको कदर गर्नको लागि सम्मान गर्दै आएको बताउनु भयो । सो कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि तथा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङले अपाङ्गता भएका व्यक्तिहरुलाई पनि अन्य नागरिक सहरको सेवा सुविधा प्रदान गर्नु पर्ने र उनीहरु अनुकुलको वातावरणको निर्माण गरी राज्यका हरेक कार्यमा सहभागीता गराउनु पर्ने बताउनु भयो । राष्ट्रिय अपाङ्ग कोषले अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर आफु अपाङ्गता भएर पनि अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा योगदान पु¥याएको अपाङ्गता भएका व्यक्तिहरु, समाज सेवी तथा पुरस्कार स्थापना गर्ने व्यक्तिहरुलाई पनि सम्मान गर्दै कदर पत्र प्रदान गरिएको थियो । यस दिवसको अवसरमा एस.ई.ई.मा उत्कृष्ठ अंक ल्याउनु हुने हुम्लाका शारीरिक अपाङ्गता भएका विद्यार्थी कमला महतरा, नुवाकोटका बहिरा अपाङ्गता भएका विद्यार्थी विवेक बस्नेत र धादिङका रजनी थापा मगर, काठमाण्डौं शंकरापुर नगरपालिकाका दृष्टिविहिन अपाङ्गता भएका व्यक्ति रिया श्रेष्ठलाई अपाङ्ग प्रतिभा पुरस्कार प्रदान गरिएको थियो । अपाङ्ग शिक्षक सम्मान पुरस्कार अन्तर्गत उदयपुर गाईघाटका शारीरिक अपाङ्गता भएकी शिक्षक सिता

पौडेल, झापाका बहिरा शिक्षक गोपाल तामाङ् सुर्यविनायक भक्तपुरका दृष्टिविहिन शिक्षक भिम प्रसाद तिवारीलाई अपाङ्ग शिक्षक सम्मान पुरस्कारबाट सम्मान गरिएको थियो । त्यसै गरी हेम गंगा शारीरिक अपाङ्गता प्रतिभा पुरस्करबाट लमजुङका हिमोफेलियाको कारण शारीरिक अपाङ्गता हुनु भएका व्यक्ति बेदराज ढुङ्गाना र रौतहटकी शारीरिक अपाङ्गता भएकी महिला नेहा कुमारीलाई सम्मान गरिएको थियो भने धन इन्दिरा राणा बहिरा प्रतिभा पुरस्कारबाट झापा जिल्लाका बहिरा शिक्षक तथा समाज सेवी गोपाल खरेल, चन्द« कुमार भट्टराई दृष्टिविहिन पुरस्कारबाट स्याङ्जाका दृष्टिविहिन अपाङ्गता भएका व्यक्ति रामचन्द« गैर, इश्वरी मोनी बौद्धिक अपाङ्ग प्रतिभा पुरस्कारबाट काठमाण्डौंका डाउन सिण्ड्रोम अपाङ्गता भएका व्यक्ति प्रवेश अर्याललाई प्रदान गरिएको थियो । त्यसै गरी ज्योती के.सी. मेरुदण्ड पक्षघात पुरस्कारबाट काठमाण्डौंकी शारीरिक अपाङ्गता भएकी महिला गायत्री दाहाल, कलाकार हरिप्रसाद स्वरोजगार पुरस्कारबाट खोटाङ्का ह्वीलचियर प्रयोगकर्ता शारीरिक अपाङ्गता भएका व्यक्ति लंक बहादुर खड्का, डा. विरेन्द्रराज पोखरेल प्रविधि सम्मानबाट ललितपुर निवासी सरकारी कर्मचारीका रुपमा कार्यरत दृष्टिविहिन अपाङ्गता भएकी व्यक्ति निरा अधिकारी र दिपक माझीलाई प्रदान गरिएको थियो । त्यसै गरी ज्योती के.सी. मेरुदण्ड पक्षात सम्मान पुरस्कार र डा.विरेन्द्रराज पोखरेल सूचना प्रविधि सम्मान पुरस्कार स्थापना गरेकोमा उहाँहरुलाई पनि कदर पत्र सहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

## झापामा पनि मनाइयो अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवस

*१७ मंसिर २०७६ मदन बोहोरा, झापा*

“दिगो विकासको लक्ष्य : अपाङ्गता मैत्री भविश्य” भन्ने राष्ट्रिय नारा सहित झापामा पनि विभिन्न कार्यक्रमहरुको आयोजना गरेर अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवस सम्पन्न गरिएको छ । सो दिवसका अवसरमा दमक अपाङ्ग सहयोग समितिको आयोजना तथा स्थानीय तहको सहयोगमा प्रदेश स्तरीय अपाङ्ग पुनर्स्थापना केन्द्र निर्माणको सहयोगार्थ दमक साँस्कृतिक कार्यक्रमको पनि आयोजना गरिएको थियो । अपाङ्गता भएका व्यक्तिहरुको २८ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा दमकमा



*"दिगो विकासको लक्ष्य : अपाङ्गता मैत्री भविष्य" भन्ने राष्ट्रिय नारा सहित झापामा पनि विभिन्न कार्यक्रमहरूको आयोजना गरेर अपाङ्गता भएका व्यक्तिहरूको २८ औं अन्तर्राष्ट्रिय दिवस सम्पन्न कार्यक्रमको एक झलक। **तस्विर : मदन बोहरा***

आयोजना गरिएको दमक साँस्कृतिक कार्यक्रममा लोकप्रिय कलाकारहरु शम्भु राई, मनोज गजुरेल, अमृत खाती, राजा राजेन्द्र पोखरेल, उषा श्रेष्ठ, मिना निरौला, टंक बुढाथोकी, एआर बुढाथोकी, अशोक दर्जी, निलम ढुङ्गाना, लोकगायक लक्ष्मी प्रसाद जोशी, बाल कलाकार रियाज लगायतले गीत, नृत्य, प्रहसन प्रस्तुत गर्नु भएको थियो । सो कार्यक्रममा यू.एन.एच.सि.आर. तथा आम्दा नेपालको तर्फबाट प्रदेश नं १ मा निर्माण गरिन लागेको अपाङ्ग पुनर्स्थापना केन्द्रका लागि रु १५ लाख रुपैया बराबरका थेरापी उपकरणहरु पनि हस्तान्तरण गरिएको थियो । यस कार्यक्रममा दमक अपाङ्ग सहयोग समितिका सचिव मदन बोहोराले यस पुनर्स्थापना केन्द्र निर्माणको लागि स्थानीय तथा प्रदेश सरकारको पनि सहयोग रहेको र यसै भवन निर्माणको लागि सहयोगार्थ साँस्कृतिक साझ कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । त्यसै गरी दमक अपाङ्ग सहयोग समितिका अध्यक्ष खगेन्द्र बहादुर भट्टराईले ११ करोड रुपैयाको लागतमा निर्माण हुन लागेको अपाङ्ग पुनर्स्थापना केन्द्रको घेरबार लगायतको प्राम्भिक चरणको काम सम्पन्न भएको र १० कठ्ठा क्षेत्रफलमा यो पुनर्स्थापना निर्माण गरिने बताउनु भयो। सो कार्यक्रममा अपाङ्गताको क्षेत्रम काम गर्ने विभिन्न संस्थाका प्रतिनिधिहरुका साथै सरोकारवाला निकायहरु, अपाङ्गता भएका व्यक्तिहरु, उनीहरुका अभिभावकहरुको पनि सहभागीता रहेको थियो।